आज मिति २०७६ साल भाद्र ९ गते सोमवारका दिन यस नगरपालिकाको नगर कार्यपालिकाको बैठक नगर प्रमुख श्री वैकुण्ठ न्यौपानेज्यूको अध्यक्षतामा बस्यो । बैठकको उपस्थिति तथा निर्णय देहाय बमोजिम रहेको छ ।

उपस्थिति

| | | |
|---|---|---|
| नगर प्रमुख | श्री वैकुण्ठ न्यौपाने | उपस्थित |
| उपप्रमुख | श्री मिरा जोशी | उपस्थित |
| वडाध्यक्ष वडा नं. १ | श्री खरसिं दरै | उपस्थित |
| वडाध्यक्ष वडा नं. २ | श्री काशीराम श्रेष्ठ | उपस्थित |
| वडाध्यक्ष वडा नं. ३ | श्री प्रेमकुमार श्रेष्ठ | उपस्थित |
| वडाध्यक्ष वडा नं.४ | श्री विश्वराज न्यौपाने | उपस्थित |
| वडाध्यक्ष वडा नं. ५ | श्री मोहनकुमार श्रेष्ठ | उपस्थित |
| वडाध्यक्ष वडा नं. ६ | श्री सूर्यभक्त भण्डारी | अनुपस्थित |
| वडाध्यक्ष वडा नं. ७ | श्री सतिशचन्द्र न्यौपाने | उपस्थित |
| वडाध्यक्ष वडा नं. ८ | श्री ओजराज पौडेल | उपस्थित |
| वडाध्यक्ष वडा नं. ९ | श्री सुरेश थापा | अनुपस्थित |
| वडाध्यक्ष वडा नं. १० | श्री तुलसीराम सापकोटा | उपस्थित |
| वडाध्यक्ष वडा नं. ११ | श्री निरबहादुर खड्का | उपस्थित |
| वडाध्यक्ष वडा नं. १२ | श्री तोत्रबहादुर कुँवर | उपस्थित |
| वडाध्यक्ष वडा नं. १३ | श्री लेखबहादुर राना | उपस्थित |
| वडाध्यक्ष वडा नं. १४ | श्री काजीमान श्रेष्ठ | उपस्थित |

कार्यकारीणी सदस्यहरु

| | | |
|---|---|---|
| | श्री तमबहादुर दरै | उपस्थित |
| | श्री कल्पना पोखेल | उपस्थित |
| | श्री चन्द्रमाया परियार | उपस्थित |
| | श्री सुनसरी गुरुङ | उपस्थित |
| | श्री अमृतबहादुर नेपाली | उपस्थित |
| | श्री मधुमाया घर्ती | उपस्थित |
| | श्री नरीमाया राना | उपस्थित |
| सचिव | श्री दिनेश राज पन्त | उपस्थित |
| का.वा.अध्यक्ष वडा नं.९ | श्री सूर्यबहादुर | उपस्थित |
| उपसचिव | श्री नगेन्द्रप्रसाद रेग्मी | उपस्थित |
| बरिष्ठ आ.ले.प.अधिकृत | श्री कुमार कंचन जि.सी. | उपस्थित |
| बरिष्ठ अधिकृत | श्री राजेन्द्र कार्की | उपस्थित |
| लेखा अधिकृत | श्री सुवास अधिकारी | उपस्थित |
| कम्प्युटर अधिकृत | श्री गोकर्णराज वाग्ले | उपस्थित |
| शाखा अधिकृत | श्री कृष्णराज घिमिरे | उपस्थित |

प्रस्ताव नं. १: फिलिपिन्स भ्रमण सम्बन्धमा ।
प्रस्ताव नं. २: कोरिया भ्रमण सम्बन्धमा ।
प्रस्ताव नं. ३: आ.व.२०७६।०७७ को विकास आयोजना कार्यान्वयन सम्बन्धमा ।
प्रस्ताव नं.४: नमूना विद्यालय छनौट कार्यविधि पारित सम्बन्धमा ।
प्रस्ताव नं.५: बहुउद्देश्यीय भवनको सटरहरु भाडामा लगाउने सम्बन्धमा ।
प्रस्ताव नं.६: मोटरसाइकल खरिद सम्बन्धी दरभाउपत्र स्वीकृत सम्बन्धमा ।
प्रस्ताव नं.७: आधारभूत स्वास्थ्य केन्द्रको भवन निर्माण टेण्डर स्वीकृत सम्बन्धमा ।
प्रस्ताव नं.८: शिक्षक सरुवा सम्बन्धमा ।
प्रस्ताव नं.९: विभिन्न योजनाहरुमा रकम विनियोजन सम्बन्धमा ।
प्रस्ताव नं.१०: महिला स्वयंसेविकाहरुको कार्यक्रम सम्बन्धमा ।
प्रस्ताव नं.११: व्यास नगरपालिका वडा नं.१४ मास्दीमा सोलार जडान सम्बन्धमा ।
प्रस्ताव नं.१२: पशुपति क्वारी सर्जमिन र चार किल्ला सिफारिस सम्बन्धमा ।
प्रस्ताव नं.१३: समाधान अस्पताल संचालन अनुमति सम्बन्धमा ।
प्रस्ताव नं.१४: ए.जि. लाइम एण्ड मिनरल्स इण्डष्ट्रि प्रा.लि.को संरचना निर्माणको राजशव सम्बन्धमा ।
प्रस्ताव नं.१५: सार्वजनिक बिदा सम्बन्धमा ।
प्रस्ताव नं.१६: प्रदेश सरकारबाट प्राप्त खानेपानी आयोजनाहरुको सम्बन्धमा ।
प्रस्ताव नं.१७: वैकल्पिक उर्जा अन्तर्गत प्राप्त सशर्त बजेट सम्बन्धमा ।
प्रस्ताव नं.१८: क्रिश्चियन धर्मावलम्बीहरुको समाधी स्थल सम्बन्धमा ।

**निर्णय नं.१:** प्रस्ताव नं.१ का सम्बन्धमा छलफल हुँदा UCLG ASPAC को आयोजनामा आगामी भाद्र १९ र २० गते फिलिपिन्सको माकाटी शहरमा आयोजना हुने परिषद बैठक तथा प्रकोप जोखिम न्युनीकरण र व्यवस्थापन (दीगो र लचिलो शहरहरुको निर्माण) कार्यक्रममा यस नगरपालिकाका नगर प्रमुख श्री वैकुण्ठ न्यौपानेज्यूलाई आयोजक संस्थाबाट निमन्त्रणा प्राप्त हुन आएको हुँदा उल्लेखित कार्यक्रममा सहभागिताको लागि पठाउने निर्णय गरियो । उक्त कार्यक्रममा सहभागी हुन जाँदा लाग्ने बास खर्च, स्थानीय यातायात खर्च, खाना खर्च आयोजकले नै व्यहोर्ने र हवाई खर्च नगरपालिकाको आन्तरिक श्रोतबाट व्यहार्ने गरी भ्रमण कार्यक्रमको स्वीकृतिका लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा लेखी पठाउने निर्णय गरियो ।

**निर्णय नं.२:** प्रस्ताव नं.२ का सम्बन्धमा छलफल हुँदा UCLG ASPAC को आयोजनामा आगामी आश्विन १३, १४ र १५ गते दक्षिण कोरियाको ग्याङ्जु शहरमा आयोजना हुने The Blending Learning Course on Human Right Cities Approach to Localise SDGs in the Asia Pacific Region कार्यक्रममा यस नगरपालिकाका सूचना प्रविधि अधिकृत श्री विशाल पण्डितलाई आयोजक संस्थाबाट सम्पूर्ण खर्च व्यहोर्ने गरी निमन्त्रणा प्राप्त हुन आएको हुँदा उक्त कार्यक्रममा सहभागी हुन सूचना प्रविधि अधिकृतलाई पठाउने निर्णय गरियो । उक्त भ्रमण कार्यक्रमको स्वीकृतिका लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा लेखी पठाउने निर्णय गरियो ।

**निर्णय नं.३:** प्रस्ताव नं.३ का सम्बन्धमा छलफल हुँदा रु.५० लाख र सोभन्दा माथिका योजनाहरुलाई कार्यालयबाट नै इष्टिमेट तयार गरी यथाशिघ्र ठेक्का लगाउने प्रक्रिया अगाडि बढाउन योजना तथा प्राविधिक शाखालाई निर्देशन दिने निर्णय गरियो । साथै रु.५० लाख भन्दा कमका योजनाहरुको लागत इष्टिमेट सम्बन्धित वडाको प्राविधिक मार्फत तयार गर्न लगाई उपभोक्ता समिति वा ठेक्का प्रक्रिया कुन प्रक्रिया अपनाई योजना संचालन गर्ने हो सो छनौट गर्ने जिम्मेवारी वडा समितिलाई दिनुका साथै ठेक्काबाट

संचालन गर्ने योजनाहरुको विवरण वडाबाट यथाशिघ्र नगरपालिकामा पठाउन लगाउने वा रु.१० लाख भन्दा माथिका योजनाहरु उपभोक्ता समितिबाट संचालन गरिने भए ग्रामिण वडाको हकमा २० प्रतिशत र शहरी वडाको हकमा ३० प्रतिशत नगद लागत सहभागिता व्यहोर्ने गरी योजना संचालन प्रक्रिया अगाडि बढाउन वडा समितिलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.४:** प्रस्ताव नं.४ का सम्बन्धमा छलफल हुँदा यस नगरपालिकाको "व्यास नगरपालिका नमूना विद्यालय छनौट कार्यविधि २०७६", दफावार छलफल गरी पारित गर्ने निर्णय गरियो । साथै पारित कार्यविधि प्रमाणित गरी स्थानीय राजपत्रमा प्रकाशित गर्न सूचना, संचार प्रविधि तथा अभिलेख शाखालाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.५:** प्रस्ताव नं.५ का सम्बन्धमा छलफल हुँदा यस नगरपालिकाको बहुउद्देश्यीय भवनका केही पसल कवलहरु भाडामा लगाउन प्रथम र दोस्रो पटक विभिन्न मितिमा टेण्डर आव्हान गरिएतापनि कुनैपनि व्यक्ति वा फर्मबाट दरखास्त फाराम पेश हुन नआएको र केही पसल कवलहरु विगतमा भाडामा लिई व्यवसाय संचालन गर्दै आएका तर हाल व्यवसाय गर्न छोडी खाली हुन आएका तपसिलमा उल्लेखित पसल कवलहरुको न्युनतम भाडा दर कायम गरी पुनः सिलबन्दी दरभाउपत्र आव्हान गर्ने निर्णय गरियो ।

| सि.नं. | पसल कवल नं. | न्युनतम अंक (२०७६।०७७) | सि.नं. | पसल कवल नं. | न्युनतम अंक (२०७६।०७७) |
|---|---|---|---|---|---|
| १ | १०६ | ३५,०००। | ८ | १२९ | १०,०००। |
| २ | ११० | २५,०००। | ९ | १३० | १०,०००। |
| ३ | ११३ | २७,०००। | १० | १३१ | १०,०००। |
| ४ | ११७ | २०,०००। | ११ | १३३ | १०,०००। |
| ५ | १२५ | २७,०००। | १२ | १३४ | १२,०००। |
| ६ | १२७ | १८,०००। | १३ | १३५ | १२,०००। |
| ७ | १२८ | १८,०००। | | | |

**निर्णय नं.६:** प्रस्ताव नं.६ का सम्बन्धमा छलफल हुँदा यस नगरपालिका कार्यालयको लागि आवश्यक ७ थान मोटरसाइकल र १ थान स्कुटर खरिद गर्ने कार्यको लागि यस नगरपालिकाको बोलपत्र मूल्यांकन समितिबाट सिफारिस भए बमोजिम निम्न दरभाउपत्रदाताहरुको दरभाउपत्र स्वीकृत गरी खरिद प्रक्रिया अगाडि बढाउने निर्णय गरियो ।

| सि.नं | मोटरसाइकल/स्कुटर | दरभाउपत्रदाताको नाम र ठेगाना | कबोल अंक (मू.अ.कर बाहेक) |
|---|---|---|---|
| १ | मोटर साईकल ७ थान | श्री मोर्डन अटो वर्क दमौली तनहुँ | रु.१४,११,७६७।०० |
| २ | स्कुटर १ थान | श्री मोर्डन अटो वर्क दमौली तनहुँ | रु.१,६५,४८६।७२ |

**निर्णय नं.७:** प्रस्ताव नं.७ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका वडा नं.१, २, ४, ५, ७ र १० नं वडामा स्वास्थ्य सेवा केन्द्रको भवन निर्माण कार्यको लागि यस नगरपालिकाको बोलपत्र मूल्यांकन समितिबाट सिफारिस भए बमोजिम निम्न बोलपत्रदताहरुको बोलपत्र स्वीकृत गर्ने निर्णय गरियो ।
तपशिल

| सि.नं | वडा | बोलपत्रदताको नाम र ठेगाना | कबोल अंक (मू.अ.कर बाहेक) |
|---|---|---|---|
| १ | १ | श्री अन्वेसा कन्स्ट्रक्सन छाङ ५ | रु.३७,७०,३७०।७० |
| २ | २ | श्री अन्वेसा कन्स्ट्रक्सन छाङ ५ | रु.३७,४३,१७६।७० |
| ३ | ४ | श्री अन्वेसा कन्स्ट्रक्सन छाङ ५ | रु.२३,५८,४८१।७० |
| ४ | ५ | श्री अन्वेसा कन्स्ट्रक्सन छाङ ५ | रु.२३,५९,०५१।४० |

| | | | |
|---|---|---|---|
| ५ | ७ | श्री माता बाराही इन्जिनियरिङ एण्ड कन्स्ट्रक्सन, काठमाण्डौ १४ | रु.२५,३०,०२६।२७ |
| ६ | १० | श्री माता बाराही इन्जिनियरिङ एण्ड कन्स्ट्रक्सन, काठमाण्डौ १४ | रु.२५,९७,८४८।१६ |

**निर्णय नं.८:** प्रस्ताव नं.८ का सम्बन्धमा छलफल हुँदा यस नगरपालिकामा रहेका विद्यालयहरुको पठन पाठनलाई सहज र प्रभावकारी गराउने उद्देश्यका साथ तपसिलमा उल्लेखित शिक्षकहरुलाई देहाय बमोजिमका विद्यालयमा पदस्थापन गर्ने गरी सरुवा गर्ने निर्णय गरियो ।

| शिक्षकको नामथर | तह/श्रेणी | हाल कार्यरत विद्यालय | सरुवा गरिएको विद्यालय |
|---|---|---|---|
| विनोद रम्तेल | नि.मा.वि. तृतीय स्थायी (सामाजिक) | झिम्रेक महिपते मा.वि., सिरानचोक गाउँपालिका-२, गोरखा | श्री अमर सिंह मा.वि., व्यास ११, तनहुँ । |
| रुमबहादुर थापा | नि.मा.वि. तृतीय राहत (गणित) | कालिका मा.वि., बन्दीपुर-२, भँगेरथुम्की तनहुँ । | श्री सर्वज्योति मा.वि., व्यास १०, सेवर तनहुँ (राहत) । |

**निर्णय नं.९:** प्रस्ताव नं.९ का सम्बन्धमा छलफल हुँदा देहाय बमोजिमका आधारभूत एवं अत्यावश्यक प्रकृतिका योजनाहरुमा तथा कार्यक्रमको लागि देहाय बमोजिम रकम विनियोजन गर्ने निर्णय गरियो ।

| क.सं. | योजना तथा कार्यक्रमको नाम | वडा नं. | विनियोजित रकम |
|---|---|---|---|
| १. | सडक बत्ती जडान गर्न आवश्यक सामग्री खरिद | १ | ११७,०००। |
| २. | अपाङ्ता भएका मनबहादुर वि.क. लाई शौचालय जडित गोवरग्याँस प्लाण्ट निर्माण | १० | २०,०००। |
| ३. | स्वास्थ्य शिविर संचालन कार्यक्रम | ११ | १५०,०००। |
| ४. | वाहुन खोलामा खानेपानी टंकी निर्माण र पाइप खरिद | ५ | ८०,०००। |
| ५. | सिमलटार नरंगा मोटर मार्ग मर्मत सम्भार | ७ | ८०,०००। |
| ६. | जातीय परम्परा अनुसार मुलपानी बाजा खरिद | ११ | ५०,०००। |
| ७. | राजापानी मोटर मार्ग मर्मत सम्भार | ९ | १५०,०००। |
| ८. | शिव मन्दिर खानेपानी योजना | १३ | ३०,०००। |
| ९. | धरमपानी खानेपानी योजना मर्मत | ७ | १००,०००। |
| १०. | पशुपति वाग्ले (मुटु रोग सम्बन्धी आर्थिक सहायता) | ७ | २५,०००। |
| ११. | महिला सशक्तिकरण कार्यक्रम | ३ | २५,०००। |
| १२. | महिला सशक्तिकरण कार्यक्रम | १ | २५,०००। |
| १३. | भिमाद नेवा खल (कला संस्कृति कार्यक्रम अनुदान) | | १५,०००। |
| १४. | जिल्ला बुद्धिचाल संघ (विद्यालयस्तरीय कार्यक्रम) | | २५,०००। |

**निर्णय नं.१०:** प्रस्ताव नं.१० का सम्बन्धमा छलफल हुँदा यस नगरपालिका क्षेत्र भित्र कार्यरत महिला स्वयंसेवकहरुलाई २०७५।०७६ को वार्षिक समिक्षा एवं चालु आ.व.को योजना लगायत विविध कार्यक्रम संचालन गर्नका लागि रु.७०,०००। (सत्तरी हजार) उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं.११**: प्रस्ताव नं.११ का सम्बन्धमा छलफल हुँदा यस नगरपालिकाको वडा नं.१४ मास्दिका २० घर धुरीमा हालसम्म विद्युत लाइन नपुगेको हुँदा सोलार बत्ती जडान गर्नका लागि लागत इष्टिमेट तयार गरी आगामी बैठकमा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं.१२**: प्रस्ताव नं.१२ का सम्बन्धमा छलफल हुँदा पशुपति क्वारी प्रा.लि. हाल व्यास नगरपालिका वडा नं.११ ले उद्योग दर्ता गर्ने कार्यका लागि अपनाउनुपर्ने प्रक्रियाहरु मध्ये सम्बन्धित वडाका साँध सँधियारहरुबाट हुने सर्जमिन मुचुल्का र चार किल्ला प्रमाणित सिफारिस पाउन दिएको निवेदनका सम्बन्धमा

बुझ्दा स्थानीय वासीहरुले वडा कार्यालयमा गुनासो दर्ता गराएको जानकारी प्राप्त भएकोले गुनासोकर्ता स्थानीयहरु र सम्बन्धित पक्षलाई राखी छलफल गराउने निर्णय गरियो ।

**निर्णय नं.१३**: प्रस्ताव नं.१३ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका वडा नं.२ मालपोत लाइनमा स्थापना भएको समाधान अस्पताल प्रा.लि.ले अस्पताल संचालन गर्न स्वीकृत माग गरेको सम्बन्धमा नगरपालिका कार्यालयबाट गरिएको अनुगमन प्रतिवेदनको आधारमा प्रस्ताव गरिएका डाक्टरहरुको सेवा/सुविधाहरु तत्काल व्यवस्था गरी ३ महिना भित्र प्रस्तावित सेवा सुविधाहरु शुरु गर्ने गरी ६ वेड सम्मको अस्पताल संचालन गर्न अनुमति दिने निर्णय गरियो ।

**निर्णय नं.१४**: प्रस्ताव नं.१४ का सम्बन्धमा छलफल हुँदा ए.जि. लाइम एण्ड मिनरल्स इण्डष्ट्रि प्रा.लि.ले तत्कालिन घाँसीकुवा गा.वि.स. हुँदा बनेको संरचनाको राजश्व कम तोकिनुपर्ने भनी दावी गरेतापनि नगरपालिकामा समावेश भइसकेपछि निर्माण भएको भनी नगरपालिकाका प्राविधिकद्वारा राय प्राप्त हुन आएकोले आर.सि.सि. भवनको हकमा प्रति वर्गफिट रु.५० र गाह्रोवाल संरचनाको हकमा प्रति वर्गफिट रु.२५। का दरले राजश्व लिई नक्सापास गर्ने प्रकृया अगाडि बढाउन भवन नियमन तथा नक्शापास उपशाखलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.१५**: प्रस्ताव नं.१५ का सम्बन्धमा छलफल हुँदा यही २०७६ भाद्र १६ गते सोमवारका दिन पर्न गएको नेपाली नारीहरुको महान् चाड हरितालिका तीजको अवसरमा व्यास नगरपालिका अन्तर्गत रहेका सम्पूर्ण सरकारी कार्यालय, शैक्षिक संस्था र अन्य संघ संस्थाहरुमा सार्वजनिक बिदा दिने गर्ने निर्णय गरियो ।

**निर्णय नं.१६**: प्रस्ताव नं.१६ का सम्बन्धमा छलफल हुँदा गण्डकी प्रदेश सरकार भौतिक पूर्वाधार अन्तर्गत निम्न लिखित वडाहरुमा खानेपानीका योजनाहरु परेको विषयमा वैठकलाई जानकारी गराउने निर्णय गरियो ।

| सि.नं. | योजनाको नाम | वडा नं. | विनियोजित रकम (रु. हजारमा) | कैफियत |
|---|---|---|---|---|
| १. | चुंदेर लिफ्ट खानेपानी आयोजना | ५ | ८०००। | क्रमागत |
| २. | भाल्टार खानेपानी आयोजना | ९ | २०००। | नयाँ |
| ३. | चेपेखोला लाहुरेखोला खानेपानी आयाजना | ११ | २४००। | नयाँ |
| ४. | हत्तेनी खानेपानी आयोजना | ९ | २५००। | नयाँ |
| ५. | धारापानी खानेपानी आयोजना | १० | २००० | नयाँ |
| ६. | छाब्दी दोभान बोरिङ लिफ्ट पोखरी भन्ज्याङ खानेपानी आयोजना | १३ | २००० | नयाँ |
| ७. | शेखटार खानेपानी आयोजना | ६ | २३०० | नयाँ |
| ८. | अम्रेनी खानेपानी आयोजना | ६ | २००० | नयाँ |

**निर्णय नं.१७**: प्रस्ताव नं.१७ का सम्बन्धमा छलफल हुँदा वैकल्पिक उर्जा अन्तर्गत प्राप्त सशर्त बजेटलाई निम्नानुसार वितरण गर्ने निर्णय गरियो ।

क. वैकल्पिक उर्जा ५,००,०००। (पाँच लाख)
ख. उन्नत चुलो ४,००,००। (चार लाख)
ग. वायो ग्याँस ३,६०,०००। (तीन लाख साठी हजार)

**निर्णय नं.१८**: प्रस्ताव नं.१८ का सम्बन्धमा छलफल हुँदा क्रिश्चियन धर्मावलम्बीहरुको मृत्यु संस्कारका लागि आवश्यक रहेको समाधी स्थल व्यवस्थापनका लागि यस नगरपालिकाद्वारा गठित समितिद्वारा प्रस्तावित यस नगरपालिका वडा नं.१४ अन्तर्गत पर्ने सेतीनदी तर्फको सार्वजनिक जग्गा मध्येबाट केही जग्गा समाधी स्थलका लागि उपलब्ध गराउने निर्णय गरियो ।